
दीपक भट्टको गैरकानुनी १० खर्ब सम्पत्ति जफत गरी मुलुक पुनः निर्माणमा लगाउन अनुरोध सहित गरिएको उजुरीको निवेदन, उजुरी नम्बर :



**Gen-Z Alliance**
Alliance for Good Governance

मिति : २७ असोज २०८२

माननीय प्रमुख आयुक्त प्रेम कुमार राई ज्यू,
अख्तियार दुरूपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं ।

**बिषय : छानविन गरी कारबाही सम्बन्धमा ।**

## दीपक भट्टको गैरकानुनी १० खर्ब सम्पति जफत गरी मुलुक पुनः निर्माणमा लगाउन अनुरोध ।

**प्रमुख ज्यू,**

गत २३ भदौ २०८२ मा 'जेनजी' चेतनाको जगमा भएको 'जेनजी' विद्रोहबाट 'जेनजी' सरकार निर्माण भएको छ। यो ऐतिहासिक 'जेनजी' विद्रोह केवल एक थान सरकार निर्माणको लागि मात्रै थिएन, यो त आमूल रुपान्तरण र परिवर्तनका लागि थियो । अब 'जेनजी' विद्रोहको निर्देश अनुसार सुशासन स्थापना गर्दै मुलुकलाई तिव्र परिर्वतन र रुपान्तरणको बाटोमा लगेर नयाँ मानक स्थापित गर्नुपर्नेछ। यस्तो मानक जसले नेपालको समृद्ध र उज्यालो भविष्यको लागि एउटा आधारस्तम्भ खडा गर्नेछ । त्यसको लागि पहिलो शर्त हो, सुशासन । सुशासन स्थापनाका लागि २३ भदौ २०८२ सम्म जारी भ्रष्टाचार, सेटिङ र नीतिगत लुटपाटको अन्त्य ।

नेपालको सबभन्दा ठूलो समस्या भ्रष्टाचार हो । त्यसमा पनि नीतिगत भ्रष्टाचार भयावह अवस्थामा छ । राज्यको सबै संरचना र निकायमा सेटिङ मार्फत नीतिगत भ्रष्टाचार गरेर मुलुकलाई यो अवस्थामा ल्याउने एउटा प्रमुख पात्र दिपक भट्ट भएको हामी सबैलाई स्पष्ट नै छ । दीपक भट्ट र उनको समूहले नेपालमा यस्तो भ्रष्टाचार, सेटिङ र नीतिगत लुटपाटको चक्रव्यूँह चलाएका छन्, जसका तथ्यहरु पढ्दा पनि कहालीलाग्दो छ । नेपालको सुरक्षा निकायको बन्दोबस्तीका सामग्री तथा हातहतियार आपूर्तिमा सेटिङ, जलस्रोत क्षेत्रमा सेटिङ, विमा क्षेत्र तथा वित्तिय क्षेत्रमा सेटिङ, नेपालको प्रहरी र सार्वजनिक प्रशासन क्षेत्रमा सेटिङ सबैमा दीपक भट्ट अघि छन् । यति मात्रै होइन, पैसा र सेटिङको बलमा सरकार निर्माण, पार्टी एकता र विभाजनसम्ममा उनको हात हुने गरेको छ । नेपालका प्रमुख दलका अध्यक्ष, प्रमुख नेता, तत्कालिन प्रधानमन्त्री, मन्त्रीहरु उनका सहयोगी जस्ता भएको तथ्य जग जाहेर छ ।

दीपक भट्ट तिनै विचौलिया हुन्, जसको सेटिङमा केपी ओली नेतृत्वमा सरकार बन्यो । भ्रष्टाचारका लागि ३ सय नीतिगत निर्णय गराए, एक सय जना भन्दा बढी कर्मचारी आफ्नो सेटिङमा राखे । तथ्यहरुले भन्छ, उनले यसविचमा करिब १० खर्ब गैरकानुनी रुपमा सम्पति आर्जन गरेका छन् । उनीमाथि छानविन गरेर कारबाही नगरिएसम्म हामी नेपाली नवयुवाहरुले खोजेको परिर्वतन र रुपान्तरण असम्भव छ। दीपक भट्टले गरेका भ्रष्टाचार,

सेटिङ, लुटका लागि नीतिगत निर्णय र भ्रष्टाचारका श्रृखला धेरै लामो छ। यहाँ केही बिषय मात्रै उल्लेख गरिएको छ। ती सबैको छानविन गरेर तत्काल कारबाहीको लागि अनुरोध गर्दछौं।

१) दीपक भट्टको ललितपुरस्थित सानेपामा २६ रोपनी जग्गामा विशाल दरबार रहेको छ। गत २३ भदौ २०८२ अघिसम्म यो दरबारमा नेपालका सबै मन्त्रीहरुको लाइन हुन्थ्यो। आवश्यक पर्दा त्यस क्षेत्रको सिसिटिभी फुटेज हेर्न सकिनेछ, हेर्न अनुरोध छ। तत्कालिन अर्थमन्त्री विष्णु पौडेल, उद्योग मन्त्री दामोदर भण्डारी, त्यसअघिका मन्त्रीहरु जनार्द्धन शर्मा, ज्ञानेन्द्रबहादुर कार्की, उमेश श्रेष्ठ लगायतका त्यही हुने गरेका थिए। विद्रोह अघिका प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवास बालुवाटारमा उनको लागि बेग्लै कोठा थियो, जहाँ बसेर तात्कालिन प्रधानमन्त्री ओली, उनका मुख्य सल्लाहकार विष्णु रिमालले सेटिङका सबै योजनाहरु तयार पार्ने गरेका थिए। यसैगरी तत्कालिन परराष्ट्र मन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको घरमा पनि उनको लागि बेग्लै बैठक कक्ष थियो। हरेक बर्षको आर्थिक वर्षको बजेट तर्जुमा उनलाई नसोधी हुने अवस्था थिएन। ओलीको बेडमा बसेर दीपक भट्टले मुलुकको सबै क्षेत्रको सेटिङ गर्ने गरेका थिए। यसैगरी नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का छोरी गंगा दाहाल र ज्वाईं जीवन आचार्यलाई पनि उनले करोडौं लगानी गरेका थिए। वर्तमान सुशिला कार्की नेतृत्वका सरकार विरुद्ध एक जेनजी समूहलाई करिब २० करोड लगानी गरेका दीपक भट्ट गत दशैंमा गुन्डु स्थित केपी ओलीकोमा मध्यरातमा टिका लगाउन पनि गएका थिए। सिसिटिभी फुटेज हेरेर छानविन गर्नुहोस् प्रष्ट हुनेछ।

२) दीपक भट्टले केपी ओलीसँग लगानी, उनका सचिवालयका राजेश बज्राचार्य र दिपेन्द्र दाहालसँग गरेका लगानी, माओवादीका जनर्द्धन शर्मासँग गरेका लगानी, प्रचण्डका छोरी र ज्वाईं गंगा दाहाल र जीवन आचार्य मार्फत गरेका लगानी, पूर्व उच्च पदस्थ कर्मचारी मार्फत गरेका लगानी अरबौं रहेको बताइन्छ। उनलाई तत्काल पक्राउ गरेर अनुसन्धान गर्न सुरु गरिए सबै तथ्यहरु खुल्नेछन्। अमेरिका, दुबई र सिङ्गापुरमा उनको घर रहेको छ। थाइल्यान्ड र दुबईमा लगानी रहेको छ। गत जेनजी विद्रोहको क्रममा घुस पैठ भएर भत्किएका सम्पूर्ण संरचना मात्रै होइन थप बिकास काम त्यही अवैध लगानीबाट उठ्नेछ। त्यस कारण विदेशी सामू हात जोड्नु भन्दा एक जना दीपक भट्टमाथि छानविन गरेर सम्पूर्ण रकम निकाल्न अनुरोध गर्दछौं।

३) नेपाल धितोपत्र बोर्डको अध्यक्षमा सन्तोष नारायण श्रेष्ठ, तात्कालिन नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल लगायतका चार दर्जन नियुक्ती उनकै सेटिङमा भएको हो। त्यस मार्फत उनले करोडौंको भ्रष्टाचार गरेका थिए। उद्योग विभागका महानिर्देशक सहसचिव राजेश्वर ज्ञवाली, तात्कालिन राजस्व सचिव दिनेशकुमार घिमिरे, तत्कालिन सचिव मधु मरासनी, सहसचिव रितेश घिमिरे, विरेन्द्र आर्याल, पूर्व सचिव राजेन्द्र क्षेत्री, रविन्द्र पाण्डे, लोकदर्शन रेग्मी लगायत एक सय कर्मचारी र पूर्व कर्मचारी दीपक भट्टका सहयोगी जस्तै हुन्।

४) नेपाल पुनर्बीमा कम्पनी लिमिटेड एक मात्रै नेपालको सरकारी रिइन्स्योरेन्स कम्पनी हो। यसको अध्यक्षमा उनका सहयोगी र विश्वासपात्र सुरेन्द्रकुमार पौडेल र प्रमुख कार्यकारी सुरेन्द्र थापा छन्। अर्कातिर उनको लगानीको हिमालयन रिइन्स्योरेन्स कम्पनी रहेको छ। सरकारी नेपाल पुनर्बीमा कम्पनी लिमिटेडलाई पूर्णत असफल बनाएर हिमालयन रिइन्स्योरेन्स कम्पनी सम्पूर्ण रिइन्स्योरेन्सको अर्ब बराबरको व्यापार हत्याउने योजनमा छन्। यसैगरी सरकारले न्यून आय भएका व्यक्तिलाई बीमाको दायरामा ल्याउन लघु बीमा कम्पनी स्थापनाको नीति बनाएको

थियो। सबै प्रदेशका लघु बीमा कम्पनी उनकै कब्जामा छ। तत्कालीन प्रधानमन्त्री केपी ओली र त्यतिबेला पनि अर्थमन्त्री रहेका विष्णु पौडेलसँगलाई करोडौं दिए। र साझेदार बनाएर भट्टले हिमालय पुनर्बीमा कम्पनीलाई १६ जेठ २०७८ मा लाइसेन्स दिलाएका हुन्। भट्टकै निर्देशनमा नेपाल धितोपत्र बोर्ड (सेबोन) का प्रयासमा एपीआई पोलिसी, ब्रोकर लाइसेन्सदेखि नयाँ स्टक एक्सचेन्ज सञ्चालनसम्बन्धी निर्णय भएको थियो। यो प्रकरणमा मात्रै उनले ३४ अर्ब एक्लेले लिएका थिए।

५) दिपक भट्टको इन्फिनिटी होल्डिङ्सका नामक कम्पनी छ। यस मार्फत ठूला जलविद्युत् आयोजनाको सबै ठेक्कामा उनले हत्याएका छन्। भारतीय र चिनियाँ कम्पनीलाई नेपाल विद्युत् प्राधिकरणसम्म जोड्ने कन्सल्ट्यान्टको भएर उनले अरबौं लिएका छन्। ती अरबौंको साझेदार केपी ओली पनि हुन्। भट्टको प्रयासमा बुढीगण्डकी ठेक्का लिने चाइना गेजुवा ग्रुप कम्पनी (सीजीजीसी)मात्र होइन, सेन्जेन क्लाओ इलेक्ट्रोनिक्स, ग्वाङ्सी ट्रान्समिसन कन्स्ट्रक्सन, चाइना पावर ग्रिड (सीसीपीजी), सेन्जेन फराड इलेक्ट्रिकलगायतका चिनियाँ कम्पनीलाई नेपालको जलविद्युत क्षेत्रमा ठेक्का दिलाउने भूमिकामा भट्ट नै संलग्न थिए। भट्टले चिनियाँ कम्पनीको अलवा भारतीय कम्पनीहरू आईकोम टेल, जागुअरलाई पनि भित्र्याएका थिए। गेजुवासँग बुढीगण्डकी बाहेक १५ जेठ २०७५ मा ४४० मेगावाटको भेरी-१, २४ पुस २०७४ मा भेरी-२, २५६ मेगावाटको भेरी-२ आयोजनाको लाइसेन्स हात पारेको छ। भट्टकै कारण ४२.५ मेगावाटको सान्जेन जलविद्युत आयोजनामा खरिद सम्झौताका कारण विवाद भएको थियो। त्यही विवादका कारण चिनियाँ कम्पनी सीजीसी कारवाहीमा परेको थियो। काबेली करिडोर प्रसारण लाइनमा लापरवाही गर्ने चिनियाँ कम्पनीलाई नेपाल ल्याउने पनि भट्ट नै थिए। चिनियाँ कम्पनीको स्वार्थमा माथिल्लो त्रिशुली ३ 'ए' को निर्माण समय सार्नेमात्र होइन, मेगावाट नै बढाउने प्रयास पनि भएको थियो। निकै विवादमा तानिएको यो आयोजनामा चिनियाँ कम्पनीले ६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए'लाई ९० मेगावाट पुऱ्याउन खोजेको थियो। हेटौंडा-भरतपुर र भरतपुर-बर्दघाट डबल सर्किट प्रसारणलाइन बनाउने ठेक्का पाएका भारतीय कम्पनी आईकम टेल र चिनियाँ कम्पनी चाइना पावर ग्रिड ( सीपीजी) मा पनि भट्टकै संलग्नता रहेको थियो। तर, भट्टले ल्याएका कम्पनीको लापरवाहीका कारण समयमा काम हुन सकेन। भट्ट दाजुभाइले चाहेअनुसार काम नगरेपछि सुशील कोइराला नेतृत्वको सरकारले ०७२ असोज २ गते ऊर्जामन्त्री राधा ज्ञवालीलाई बर्खास्तै गरेको थियो।

६) दीपक भट्टले पछिल्लो केही समय अघि मात्रै सासुआमालाई अवैध 'बिजनेस' दिएर दीपक भट्टले हिमालयन रिइन्स्योरेन्स कम्पनीबाट ५२ करोड लगेका थिए। दीपक भट्टलाई हिमालयन रिइन्स्योरेन्स कम्पनीबाट ५२ करोड दिलाउने प्रमुख कार्यकारी अधिकृत उपासना पौडेल उनका साझेदार साहिल अग्रवाल मालिक रहेको कम्पनी जगदम्बा स्टीलको एक साझेदार हुन्।

- जनताको पैसामा दीपक भट्टको 'फेमिली बिजनेस' शुद्धीकरण गर्न खोलिएको सासुको कम्पनी नै अवैध स्रोतबाट
  https://bizmandu.com/content/20250828092632.html

७) दीपक भट्टले हरेक ठुला सरकारी काम आफैले गर्ने गरेका छन्। गएको एक दसकमा ठुला ६६ वटा व्यापार र ठेक्का आफ्नो हातमा लिएको देखिन्छ। जस्तो की पछिल्लो एक उदाहरणको रुपमा एक समाचार हेरौं,

- नियामक निकायमा आफ्ना मान्छे नियुक्त गराउँदै एक पछि अर्को व्यवसाय हत्याउँदै आएको दीपक भट्ट नेतृत्वको बिचौलिया समूहले बीमा प्राधिकरणको नेतृत्वलाई प्रभावमा पारेर साढे ३ अर्बको वैदेशिक रोजगार म्यादी जीवन बीमा व्यवसाय हात पार्न सफल पारे । बीमा प्राधिकरणको नेतृत्वलाई हातमा लिएर भट्टले गरेको सेटिङबाट उनकै हालीमुहाली रहेको हिमालयन रिले मनखुसी चलाउने गरि ३ अर्ब ५७ करोड रुपैयाँको कोषमा प्रभुत्व जमाएको हो । असार मसान्तसम्मको विवरणअनुसार जीवन बीमा तथा लघुबीमा कम्पनीहरूले कुल ३ अर्ब ५७ करोडबराबरको वैदेशिक रोजगार बीमाशुल्क संकलन गरेका छन्। यो सम्पूर्ण रकम बीमा कम्पनीहरू आफैँले राख्दैनन् । निर्देशनबमोजिम सदस्य बीमा कम्पनीहरूले बीमालेख जारी गर्दा प्राप्त बीमा शुल्क कोषको खातामा प्रत्येक महिनाको १ देखि १५ गतेसम्मको विवरण १६ गते र १६ देखि मसान्तसम्मको विवरण अर्को महिनाको १ गतेभित्र जम्मा गर्नुपर्नेछ । तसर्थ हाल यो कोषको आकार ३ अर्ब ५७ करोड रुपैयाँ छ। ठूलो रकमसहितको कोष सञ्चालनको लागि कार्यविधि समेत बनेको छैन । यस्तोमा कोष प्रबन्धक रहेको हिमालयन रिलाई मनमौजी भएर कोषको रकम चलाउने बाटो समेत सहज पारिएको छ । यस्तै उक्त शुल्क कोषको खाता वा कोषको अन्य छुट्टै खाता खोलेर हिमालयन रिले रकम व्यवस्थापन तथा बाँडफाँट गर्नसक्ने अधिकार पनि प्राधिकरणको लचिलो निर्देशनमार्फत गरिएको छ । यसको अर्थ अबको चार वर्ष हिमालयन रिले ३ अर्ब ५७ करोड रुपैयाँको कोष मनखुसी चलाउन पाउनेछ ।

- **दीपक भट्टको सेटिङमा हिमालयन रिले यसरी हत्यायो साढे ३ अर्बको वैदेशिक रोजगार बीमा कोष**
  https://nepalkhabar.com/economy/business/247061-2025-8-15-7-19-31

८) डेडिकेटेड र ट्रंकलाइनअन्तर्गत बक्यौता विद्युत् महसुल नतिर्ने गरी योजना निर्माण गर्ने पनि उनै हुन् विद्युत् प्राधिकरणका तात्कालिन कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने योजना पनि उनकै थियो । डेडिकेटेड र ट्रंकलाइनअन्तर्गत बक्यौता विद्युत् महसुल नतिर्ने सबैभन्दा ठूलो कम्पनी हो, जगदम्बा स्टिल । यसले लगभग २ अर्ब रुपैयाँ तिर्न बाँकी छ । तर, जसै यसमा दीपक भट्ट छिरे त्यसपछि भने यो खेल नै उल्टिन लागेको छ । थर्मल गन तस्करी काण्डका अभियुक्त साहिल अग्रवालकै शंकर समूहको हो, जगदम्बा स्टिल । कोरोना महामारीबाट पीडित नागरिकलाई समेत झुक्याउन पछि नपर्ने यो समूहसँग जब दीपक भट्ट जोडिए तब प्रधानमन्त्री र ऊर्जामन्त्रीसमेत उनीहरूकै इच्छाअनुसार नाच्न तयार भएपछि कुलमान विरुद्ध घेराबन्दी सुरु भएको हो ।

९) २०७९ साल जतिबेला विदेशी विनिमय सञ्चिती अभाव भई मुलुक आर्थिकरूपमा संकटोन्मुख भइरहेको अवस्थामा थियो । त्यही बेला ८४ करोड रुपैयाँको हतियार खरिदका भयो । उही दीपक भट्टले हतियार खरिद गर्न सरकारी अधिकारीसमक्ष 'डिल' गरेको भिडियो सार्वजनिक भयो । यहाँ हेर्नुहोस् भिडियो :

- **हतियार किन्न बिचौलिया भट्टको 'डिल' [भिडियो]**
  https://ekantipur.com/news/2022/07/14/1657809390393595.html
- **तीन वर्षअघि नै विवादित ठेक्का ब्युँताएर डेढ अर्बका हतियार किन्ने तयारी**
  https://ekantipur.com/news/2025/07/06/preparing-to-buy-weapons-worth-one-and-a-half-billion-after-canceling-the-disputed-contract-three-years-ago-43-53.html

**भिडियोमा दिपक भन्छन्,**

- 'मेरो त्यो हैसियत छ, म त्यो गर्न सक्छु,' । सरकारले उनकै प्रभावमा इटालीको बेरेटा कम्पनीका एजेन्टमार्फत १,१५० थान सटगन, हजार थान पेस्तोल, २५ हजार थान ग्यास सेलसहित गोलीगट्ठा किन्ने गृहकार्य अगाडि बढायो । त्यसका निम्ति तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले ८४ करोड रुपैयाँ बजेट रकमान्तर गरिदिएका थिए । हतियार खरिदमा पटक पटक उनले केपी ओली, शेरबहादुर देउवा, तत्कालिन मन्त्री तथा कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीसँग मिलेमतो गरेको छ । ज्ञानेन्द्रबहादुर कार्कीका भाई लोकेन्द्रबहादुर कार्कीसँगको सहकार्यमा मात्रै हतियार खरिदमा ९ अर्ब घुस लिएकोको समाचार यसअघि नै आएको छ । ९ अर्ब पैसा आएको बेला तत्कालिन प्रधानमन्त्री केपी ओलीका स्वकीय दिपेन्द्र दाहाललाई ६ करोडको गाडी र एक घर खरिद गरीदिएको प्रसङ्गको अड्डियो चर्चित छ ।

१०) दीपक भट्टले नेपाल एफएटीएफको ग्रेलिस्टमै रहने जोखिम गरी मनी लन्ड्रिङ गरेको नियमक निकायहरुले पटक पटक जनाएको छ । पछिल्लो केपी ओली सरकारमा भएको बेला पनि सम्पती शुद्धिकरण विभागमा प्रमाण सहित उजुरी परेको थियो । उनले करिब ४० अर्ब बढी मनी लन्ड्रिङ गरेको आरोप छ । तर उक्त फाइल सम्पती शुद्धिकरण विभागले गायब पारेको छ । यो फाइल तुरुन्त खोजीका लागि अनुरोध छ । जस्तै एक उदाहरण,

- **शंकर समूह-दीपक भट्टमाथि मनी लन्ड्रिङको गम्भीर आरोप : नेपाल एफएटीएफको ग्रेलिस्टमै रहने जोखिम**
  https://bizmandu.com/content/20250630093516.html
- **प्रधानमन्त्रीको दबाबमा दीपक भट्टलाई 'क्लिन चिट', शुद्धीकरण विभागले छानबिन राष्ट्र बैंकमा फर्कायो**
  **https://bizmandu.com/content/20250616092632.html**

११) शंकर समूह र दीपक भट्टले हिमालयन बैंकको सेयर आफूबाहेक अरुले नपाउने गरी अनेक चलखेल गरेको छ । यसमा उनीहरुले अर्ब घोटला गरेका छन । यसको छानविन र काबाही भएको छैन ।

- हिमालयन बैंकको सेयर आफूबाहेक अरुले नपाउन् भनेर दीपक भट्ट र शंकर समूहले बुनेको तानाबाना
  https://bizmandu.com/content/20250626092216.html

१२) दिपक भट्टले नयाँ स्टकको लाइसेन्स दिएर देशलाई २० अर्ब रुपैयाँ देशलाई नोक्सान गराउने योजना बनाएका थिए। २० अर्बको बित्तीय अपराधमा संलग्नहरू भावी दिनमा ललिता निवासको जग्गा गैरकानुनी रुपमा दर्ता गर्नेले जस्तै कठघरामा उभिनुपर्ने भएकाले धितोपत्र बोर्डका कर्मचारीहरु टिप्पणी उठाउनसमेत हच्किरहेका थिए। नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा नेपाल सरकारको ५८.६६ प्रतिशत लगानी छ। नेपाल राष्ट्र बैंकको ३४.६० र राष्ट्रिय वाणिज्य बैकको ६.१२ प्रतिशत गरी सरकारको करिव ९५ प्रतिशत प्रत्यक्ष अप्रत्यक्ष स्वामित्व भएको संस्था हो नेप्से । यस्तो संस्थालाई कमजोर बनाई यसबाट भैरहेको ब्यापार बिचौलियासँग मिलेर नयाँ स्टक एक्सचेन्जबाट हुनेगरी अरबौंको नीतिगत भ्रष्टाचार योजनाकार हुन् । नेप्सेबाट सरकारले प्रतिबर्ष पाइरहेको १ अर्ब कर तथा लाभांश घटाई वित्तीय क्षेत्रमा निश्चित समूहको कब्जामा जाने उद्देश्यले नयाँ स्टक एक्सचेन्ज ल्याउने गरी कार्य भइरहेको अर्थमन्त्रालयका अधिकारी बताउँछन्।

१३) राहदानी विभाग, विमानस्थल र सूचना प्रबिधिको क्षेत्रमा माथिदेखि तल्लो तहसम्म दिपक भट्टको सेटिङ रहेको छ। यस क्षेत्रमा मात्रै उनको करिब १ खर्ब बराबरको सेटिङ्ग देखिन्छ।

- **राहदानी विभागको सर्भर 'समस्या' बनाउन व्यापारी संलग्न : सुलभ अग्रवाल र दीपक भट्ट मालामाल**

  https://www.diyopost.com/01/107586/

१४) दिपक भट्टले बनाएको सरकार भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले पतन भयो। पछिल्लो १० वर्षमा पहिलो पटक उनीहरूबाहेकको व्यक्ति सुशीला कार्की वर्तमान सरकारको प्रधानमन्त्री बनेकी छिन् । तर अहिले त्यही समूहमा छिर्ने नभए कार्कीलाई असफल बनाएर पूर्वप्रधानन्याधीस कल्याण श्रेष्ठ प्रधानमन्त्री बनाउने चलखेलमा उनी लागेका छन्।

१५) दिपक भट्ट र उनका भाईले सबैतिर सेटिङ्ग गर्छन् । चिनियाँ एक्जिम बैंकको सहुलियतपूर्ण ऋण प्राप्त माथिल्लो त्रिशूली-३ ए जलविद्युत् आयोजनामा भट्ट दाजुभाइले खुब चलखेल गरे। चिनियाँ कम्पनीले ठेक्का पाएपछि स्थानीय एजेन्ट रहेका भट्ट दाजुभाइ आयोजनाको क्षमता ६० मेगावाटबाट ९० मेगावाट बनाउने चलखेलमा लागेपछि आयोजना निर्माणमा ढिलाइ हुँदै गयो। चिनियाँ चाइना गेजुवा ग्रुप कम्पनी (सीजीजीसी) ले ४२.५ मेगावाटको तल्लो सान्जेनको मुख्य संरचना निर्माण गर्न सबैभन्दा घटी अंक कबुल गऱ्यो । सीजीजीसीको स्थानीय एजेन्ट थिए भट्ट दाजुभाइ । ठेक्का सम्झौता नहुँदै बोलपत्रमा भएका शर्तविपरीत भट्ट दाजुभाइले अनेक बखेडा झिक्दै सम्झौता गर्न मानेनन् । त्यसपछि कम्पनीलाई कालोसूचीमा राखियो । भट्ट दाजुभाइले चलखेल गर्दै गेजुवालाई कालोसूचीबाट हटाउने प्रयास गरे । गेजुवालाई सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचीमा

पर्नबाट जोगाउन समेत सफल भएका थिए । चिनियाँ कम्पनी मात्रै होइन, भट्ट दाजुभाइ भारतीय कम्पनीका समेत स्थानीय एजेन्टका रुपमा काम गर्छन् र ढिलासुस्तीलाई राजनीतिक पहुँचका आधारमा वैधता दिलाउँछन् । भारतीय कम्पनी जागुअर ओभरसिज एन्ड बिएस लिमिटेडको स्वार्थ पूरा नभएपछि भट्ट दाजुभाइले सोलु करिडोर १३२ केभी प्रसारण लाइनमा अनेक विवाद झिके । ठेक्का आफूले नपाएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रवेश गराएर विकास निर्माण कार्यलाई ढिलासुस्ती गर्ने प्रयास भएको थियो । सोही भारतीय कम्पनीको स्थानीय एजेन्टका रुपमा काम गरेका भट्ट दाजुभाइले काबेली करिडोर प्रसारण लाइन निर्माणमा समेत ढिलाइ गरे । ठेकेदारको कमजोर कार्यसम्पादनका कारण आयोजनाको निर्माण ढिला भएको छ ।

१६) त्यसो त दीपक भट्टसँगै उनका बाबु चतुर्भुज विगतमा भ्रष्टाचारको अभियोगमा मुछिएका थिए। कृषि सामग्री कम्प्नी प्रालिका पूर्वप्रबन्ध सञ्चालक चतुर्भुज र उनका छोरा दीपकविरुद्ध ५० लाख रुपैयाँ घूस लिएको अभियोग लगाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ०६१ पुसमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो। साढे १२ हजार मेट्रिक टन रासायनिक मल आयात ठेक्कामा घूसको लेनदेन भएको दाबी आयोगको थियो। लन्डनस्थित क्यानपोर्ट इन्टरनेसनल कम्पनीले उक्त ठेक्का पाएर १२ करोड भुक्तानी लिएको भए पनि मल आयात नै भएन। यो प्रकरणमा भट्ट बाबुछोराले ठेकेदार कम्पनीबाट १५ लाख र ३५ लाख नगद घूस लिएको टेपरेकर्ड नै आयोगले फेला पारेको थियो।

**सम्बन्धित प्रतिनिधिमुलक केही समाचार यहाँ हेर्नुहोस् :**

- दीपक भट्टलाई हिमालयन रिबाट ५२ करोड दिलाएकी उपासना पौडेल साहिलको कम्पनीमा सञ्चालक
  https://bizmandu.com/content/20250814121105.html
- जनताको पैसामा दीपक भट्टको फेमिली बिजनेस्स् शुद्धीकरण गर्न खोलिएको सासुको कम्पनी नै अवैध स्रोतबाट
  https://bizmandu.com/content/20250828092632.html
- व्यापारमा साम्राज्य फैलाइरहेका दीपक भट्ट किन तानिए सम्पत्ति शुद्धीकरणमा ?
  https://shilapatra.com/detail/104059
- बिचौलिया दाजुभाइको अस्वाभाविक पहुँच जसले नेकपाभित्र भाँडभैलो मच्चाइरहेका छन्
  https://ekantipur.com/news/2020/08/05/159659023422195043.html
- आयोजनाका बिचौलियालाई बोर्डको जिम्मा
  https://ekantipur.com/news/2020/08/04/159650591337457421.html

**Gen-Z Alliance**

Alliance for Good Governance

- हिमालयन स्टक एक्सचेन्जलाई लाइसेन्स स् दीपक भट्टको इन्फिनिटी र सन्तोषनारायणबीच आर्थिक लेनदेन
  https://bizmandu.com/content/20250627123551.html
- खतरा निम्तिनुका खास खुलासा
  https://janaaastha.com/story/163935
- बिचौलिया दीपंक भट्टको घरमा मन्त्रीहरुको ताँती,भारतीय मध्यस्थकर्ता
  https://janaaastha.com/story/103731
- हिमालयन बैंकको सेयर आफूबाहेक अरुले नपाउन् भनेर 'दीपक भट्ट र शंकर समूह'ले बुनेको तानाबाना
  https://bizmandu.com/content/20250626092216.html
- कुलमानलाई थर्काएर भट्टको जय
  https://www.janaaastha.com/story/156631
- अन्ततः सम्पत्ति शुद्धीकरणको अनुसन्धानमा बिचौलिया भट्ट
  https://ekantipur.com/news/2023/01/11/167339997693924096.html
- विदेशी कम्पनीका एजेन्ट स् चीन र भारततिर घाँटी जोडेर नेपालमा चलखेल
  https://www.kathmandupati.com/news/deepak-sushil/56655/
- जनार्दन शर्मा र बिचौलिया भट्टको सेटिङमा अरबौंको वित्तीय अपराधः छानबिन गर्ने हिम्मत छ प्रधानमन्त्रीज्यू
  https://nepalface.com/content/62115/2023-05-11/
- बिचौलियालाई नयाँ स्टक एक्सचेन्जको लाइसेन्स स् २० अर्बको बित्तीय अपराध गर्दै ओली सरकार
  https://nepalface.com/content/121614/2025-02-08/

# Gen-Z Alliance
Alliance for Good Governance

प्रमुख ज्यू,

यो त केवल उदाहरण हो, तसर्थ यी तथ्यहरुभन्दा कहालीलाग्दो तथ्य भेटिनेछ। दिपक भट्ट मार्फत केपी ओली, शेरबहादुर देउवा, प्रचण्ड र मुलुकका सबै भ्रष्टहरुको कनेक्सन पत्ता लाग्नेछ। तत्काल पक्राउ गरेर छानविनका लागि अनुरोध छ। करिब १९ खर्ब उनले गैरकानुनी रुपमा कमाएका छन्। यी जफत गरेमा अहिलेको मुलुक पुनर्निर्माणको लागि ठुलो रकम नै उपलब्ध हुनेछ। अब 'जेनजी' विद्रोहको निर्देश अनुसार सुशासन स्थापना गर्दै मुलुकलाई तिव्र परिर्वतन र रुपान्तरणको बाटोमा लगेर नयाँ मानक स्थापित गर्नुपर्नेछ। यसको लागि दिपक भट्टहरु जस्ता विचौलिया, भ्रष्टहरुलाई तत्काल छानविन जरुरी छ।

बोधार्थ :

१) सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं, नेपाल।

२) अर्थ मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर।

३) गृहमन्त्रीज्यू, सिंहदरबार, काठमाडौं, नेपाल।

४) नेपाल प्रहरी, प्रधान कार्यालय, नक्साल काठमाडौं।

प्रतिक्षा प्रतिरोध
(संयोजक)

सुमन अधिकारी
(सचिव)